65. बुढिगंगा नगरपालिका *बाँसजन्य उत्पादन*लाई व्यवसायीकरण गर्ने विषय विशेषज्ञसँगको समन्वयमा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

66. काठजन्य उद्योगलाई व्यवस्थित गर्न बुढिगंगा नगरपालिकाले आवश्यक नीति अवलम्बन गर्नेछ।

**रोजगार प्रवर्द्धन**

67. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन तथा सहयोग गरिनेछ।

68. नगरपालिकाबाट आ.व. २०७६/०७७ मा वार्षिक बजेट विनियोजन गर्दा प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

69. जेहनदार तथा मेहनती युवाहरुलाई सरकारी तथा गैर सरकारी सेवामा प्रवेश गर्नका लागी प्रोत्साहन गर्न " तपाईको मेहनत हाम्रो लगानी " कार्यक्रम लागु गरिनेछ।

70. नगरपालिकाबाट विनियोजित योजनाहरुबाट प्रत्यक्ष लाभग्राहीहरु स्थानीयबासी हुने र स्थानीयबासीमा रोजगारी सिर्जना हुने अवस्थामा उक्त आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ।

71. बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ।

72. नगरपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ।

73. वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ।

**गरीबी न्यूनीकरण**

74. नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्बद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार गरीबी हटाउने कार्यको लागि समेत बुढिगंगा नगरपालिकाले *आवश्यक रणनीति* र *कार्यनीति* तय कार्यक्रमहरु सञ्चालन गर्नेछ।

75. यस नगरपालिकालाई गरिबीमुक्त नगरपालिकाको रुपमा विकास गरिनेछ। गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई *एकद्वार प्रणाली* मार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम तय गर्ने नीति बुढिगंगा नगरपालिकाले लिनेछ।

76. गरिबहरुको सङ्ख्या यकिन गर्न बुढिगंगा नगरपालिकाले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचान कार्यको थालनी गर्नेछ। स्थानीय मानक समेत रहने गरी *गरिबी परिचय पत्र*को व्यवस्था गरिनेछ। सो परिचयपत्र धारकहरुलाई कार्यविधि तय गरी क्षमता अभिवृद्धि, पूँजीगत अनुदान तथा रोजगारी दिइनेछ। अनुदान, सेवा सुविधा वा सहुलियतलाई कामसँग आवद्ध गरिनेछ।

**पर्यटन**

77. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋण उपलब्ध गराइनेछ।

78. बुढिगंगा नगरपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुलाई जोड्ने यातायात र पदमार्गहरुलाई व्यवस्थित गरिनेछ।

79. प्राकृतिक प्रकोप र विपद्को समयमा मानवीय उद्धार गर्नका लागि प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी बुढिगंगा नगरपालिकाभित्र उपयुक्त स्थानमा हेलिप्याड निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

80. बुढिगंगा नगरपालिकाको सामाजिक साँस्कृतिक विकासका लागि होम स्टेको अवधारणालाई सुरुवात गर्न आवश्यक कदम अगाडि बढाइनेछ।

**राजस्व**

81. नगरपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तर्राष्ट्रिय आयात निर्यातका वस्तुहरु, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

82. बुढिगंगा नगरपालिका क्षेत्रका सबै व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ।

83. एकीकृत सम्पत्ति कर नबुझाउनेलाई बुढिगंगा नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु र अन्य नगरपालिका मातहतका कार्यालयहरुबाट प्रदान गरिने विभिन्न सेवा, सुविधाबाट बञ्चित गराइने हुँदा आ.व. २०७६/०७७ मा एकीकृत सम्पत्ति कर अनिवार्य रुपमा लागु गरिनेछ।

**गुनासो सुनुवाई**

84. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरीपेटिकालाई द्वैमासिक रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ।

**न्याय तथा कानूनी मामिला**